दोस्रो गाउँ सभाको ११ औं अधिवेशनमा
आ.व. ०७९/०८० को लागि गाउँपालिकाका
अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूबाट प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

खुम्बु पासाङल्हामु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौंरीखर्क, सोलुखुम्बु

मिति २०७९।०२।२९ गते

**खुम्बु पासाङल्हामु गाउँपालिकाको आ.व. ०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत कार्यक्रममा उपस्थित आदरणीय सभासदहरु**

१. नेपाली जनताको त्याग, संघर्ष र बलिदानको उपलब्धी नेपालको संविधान जारी भएपछि दोस्रो पटकको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई आज हामी खुम्बु पासाङल्हामु गाउँपालिकाको दोस्रो गाउँ सभाको प्रथम अधिवेशनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रममा उपस्थित भएका छौं । खुम्बु पासाङल्हामु गाउँपालिकाको आगामी पाँच वर्षको भाग्य र भविष्य कोर्ने जिम्मेवारी तपाई हाम्रो काँधमा आई परेको छ । यस जिम्मेवारीलाई अवसरको रुपमा लिई सफलतापूर्वक सम्पन्न गर्ने प्रण गर्दै नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हामी गौरवान्वित भएका छौं ।

२. आजको यस अवसरमा राष्ट्रको रक्षा, अग्रगमनका आन्दोलनमा आफ्नो प्राणको आहुति दिनु हुने ज्ञात अज्ञात सहिदहरु, समृद्ध गाउँपालिका निर्माण अभियानमा खटिनु भई दिवंगत हुनु भएका गाउँपालिकाबासी तथा सरोकारवाला व्यक्तिहरु तथा प्रथम गाउँ सभाका अध्यक्ष स्व. ङिम दोर्जी शेर्पाज्यू प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु । परिवर्तनका खातिर उहाँहरुले पुऱ्याउनु भएको योगदान हाम्रो लागि सदैब प्रेरणादायी भई कर्तब्य पथमा लम्कन सदैव जागरुक बनाईरहनेछ ।

३. समृद्ध गाउँपालिका, सुखी गाउँपालिकाबासी अभियानलाई सार्थक बनाउन हामीसँग सहकार्य गर्नुहुने विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संघ सँस्था, विभिन्न सरकारी निकाय, प्रतिष्ठान, बोर्ड, प्रतिनिधि सभाका माननीय सदस्यज्यू , राष्ट्रिय सभाका माननीय सदस्यज्यू, १ नं प्रदेश सभाका माननीय प्रदेश सभा सदस्यज्यू, १ नं प्रदेश सरकार, सङ्घीय सरकार प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै, यस गाउँपालिकाको प्रथम स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई प्रथम गाउँ सभाको अधिवेशनको नीति तथा कार्यक्रम प्रस्तुत गरी हालसम्म यस गाउँपालिकाको विकास र समृद्धिमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै पहिलो गाउँ सभाका सबै जनप्रतिनिधज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै स्व. ङिम दोर्जी शेर्पा प्रति समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

४. खुम्बु पासाङल्हामु गाउँपालिकाका नागरिकहरु पर्यटन व्यवसायमा प्रत्यक्ष संलग्न भई जनजीविका चलाउने तथा जीवन स्तर उकास्ने गतिविधि सञ्चालन गर्दै आएका छन् । सन् २०१९ को डिसेम्बरमा चिनको हुवान प्रान्तबाट शुरु भई विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीबाट यो गाउँपालिका पनि अछुतो रहन सकेन । कोभिड १९ का नयाँ नयाँ भेरिएन्ट समेतका संक्रमणबाट यस गाउँपालिकाका १३ जना नागरिकले ज्यान गुमाउनु पर्यो भने पर्यटन व्यवसाय पनि ठप्प हुन पुग्यो । कोभिड १९ को संक्रमणबाट ज्यान गुमाउनु हुने सबै नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । कोभिड १९ को संक्रमणमा नागरिकको संरक्षणका लागि खटिनु भएका सम्पूर्ण जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, स्वयंसेवक, महिला स्वास्थ्य स्वयंसेविका, सुरक्षा निकाय, स्थानीयबासी तथा सरोकारवाला संघ संस्थालाई हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु ।

५. नेपालको संविधान कार्यान्वयन गर्ने क्रममा २०७४ असार १४ गते यस गाउँपालिकाको निर्वाचनबाट जननिर्वाचित स्थानीय सरकारले माप्य दुधकोशी गाउँपालिका. सँग मितेरी सम्बन्ध कायम गरी यस गाउँपालिका, मितेरी गाउँपालिका, १ नं प्रदेश सरकार, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको

लगानीमा दुधकोशी नदीको ओर्लाङघाटमा मोटरेवल सडक पुल निर्माण कार्य सम्पन्न भयो । त्यसै गरी ओर्लाङघाटदेखि खरिखोलासम्म ९ कि.मी. सडकको ट्र्याक ओपन यस गाउँपालिका र माप्य दुधकोशी गाउँपालिका को लगानीमा सम्पन्न भयो । खरिखोलादेखि थामडाँडासम्म १६ कि.मी . सडकको ट्र्याक ओपन सम्पन्न भयो । खुम्बु क्षेत्रको आवतजावत गर्न भ्रमण गर्ने पर्यटकहरुको सहजताको लागि विभिन्न स्थानहरुमा पर्यटकीय पदमार्ग निर्माण, पाङबोचे, चौंरीखर्क स्वास्थ्य चौकी, बुक्सा सामुदायिक इकाई र खरिखोला सामुदायिक अस्पतालको भवन निर्माण सम्पन्न भयो। एक घर एक धाराको नारालाई सार्थक बनाउन खानेपानी निर्माणका योजनाहरु सम्पन्न भए । गाउँपालिका केन्द्र, वडा कार्यालय, खरिखोला बसपार्कका लागि जग्गा प्राप्त तथा आवश्यक पूर्वाधारहरु पनि निर्माण सम्पन्न भए ।

६. खुम्बु पासाङल्हामु गाउँपालिका पूर्वमा महाकुलुङ गाउँपालिका र संखुवासभा जिल्ला, पश्चिममा दोलखा र रामेछाप जिल्ला, उत्तरमा चिनको तिब्बत र दक्षिणमा सोलुदुधकुण्ड नगरपालिका, माप्य दुधकोसी गाउँपालिका र सोताङ गाउँपालिकाको बीचमा अवस्थित रहेको छ ।यस गाउँपालिकाले १५३९.११ हेक्टर भूभाग ओगटेको छ भने राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार कुल जनसंख्या ९२१७ रहेको छ ।

७. सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान नै यस गाउँपालिकाको आम्दानीको प्रमुख स्रोत रहेको छ । सङ्घीय सरकारको अनुदान पछि दोस्रो आम्दानीको श्रोतको रुपमा यस गाउँपालिकाको आफ्नै आम्दानी पर्यटन शुल्क रहेको छ । सङ्घीय सरकार, प्रदेश सरकार तथा आन्तरिक स्रोतबाट प्राप्त सिमित स्रोत र साधनहरुको समुचित प्रयोग र परिचालन गर्दै विकास निर्माण प्रति नागरिकहरुको जनचाहना पूरा गर्ने दह्रिलो आशा र विश्वासको जग तयार गर्न शून्य विन्दुबाट यात्रा शुरु गरी नयाँ अनुभव र अभ्यासका साथ निकै महत्वपूर्ण र ठोस उपलब्धीहरु हासिल गर्ने क्रममा हाल दोस्रो निर्वाचनबाट निर्वाचित भई थप कार्य गर्ने अवसर हामीलाई मिलेको छ । यहाँहरुको अमूल्य सुझाव, प्रतिक्रिया र सल्लाहलाई ग्रहण गर्दै स्थानीय सरकार हिंजो सफल भयो, आज सफलतापूर्वक कार्य गर्दैछौं र भोलि पनि सफल रहने छ भन्ने कुरामा हामी विश्वत छौं ।

८. यस खुम्बु पासाङल्हामू गाउँपालिकामा बहुसंख्यक रुपमा शेर्पा जातीको बसोबास रहेको छ । शेर्पा जाती पछि यस गाउँपालिकामा राई, मगर, तामाङ तथा दलित जातीको बसोबास रहेको छ । यस गाउँपालिकामा ३ वटा माध्यमिक विद्यालय, १४ वटा आधारभूत विद्यालय र ३ वटा परम्परागत बौद्ध विद्यालयहरु रहेका छन् । गाउँपालिका भित्र अध्ययनरत विद्यार्थीहरुको भर्ना अनुपात ९४.५ %, बीचैमा विद्यालय छाड्ने विद्यार्थी ३१ जना रहेका छन् । विकट भूगोलका कारण यस गाउँपालिकामा २३८ जना विद्यार्थीहरु होस्टलमा र १५ जना विद्यार्थीहरु कोठा भाडा लिई अध्ययन गर्ने गरेका छन् ।

९. गाउँपालिकामा ३ वटा सामुदायिक अस्पताल, ३ वटा सरकारी स्वास्थ्य चौकी, एउटा सामुदायिक स्वास्थ्य एकाई, ४ वटा सामुदायिक क्लिनिक र एउटा खोप केन्द्र रहेका छन् । गाउँपालिकाबासीहरुको मुख्य समस्याहरु उच्च रक्तचाप, मधुमेह, ग्याँसट्राइटिस, आन्द्राको अल्सर र क्यान्सर आदि रहेका छन् ।

१०. गाउँपालिकाले आफ्ना ५ वटा वडा कार्यालय मार्फत सेवा प्रवाह उपलब्ध गराउँदै आईरहेको छ । विकट भूगोलका कारण गाउँपालिकाबाट सम्पादन हुने विभिन्न सेवाहरु वडा कार्यालयबाट नै प्राप्त हुने गरी अधिकार प्रत्यायोजन गरिएको छ ।

११. विकास र समृद्धिका लागि गरिएका प्रयासहरु

- गाउँपालिका केन्द्रलाई सोझो सडक सञ्जालमा जोड्नका लागि ङिमदोर्जी शेर्पा पर्यटन सडकको ट्र्याक ओपन,
- पर्यटकीय पदमार्ग निर्माण
- स्वच्छ खानेपानी आपूर्ति र अग्नी नियन्त्रण प्रणाली
- सार्वजनिक शौचालय निर्माण, ढल निकास, फोहोर मैला व्यवस्थापन र हिमाल सरसफाई
- पर्यटकीय प्रबर्द्धनका लागि साहसिक खेलकूदको सम्भाव्यता अध्ययन, पूर्वाधार निर्माण
- पुरातात्विक सम्पदा, गुम्बा, मठ मन्दिरको संरक्षण र सम्बर्द्धन
- उद्धार तथा पिडितहरुलाई राहत वितरण

**विद्यमान अवसरहरु**

- स्थानीय माग, आवश्यकता र प्राथमिकताको सही पहिचान, अर्थात् **'बटम अप एप्रोच**को वास्तविक अभ्यास
- सबै भन्दा नजिकको स्थानीय सरकार भई सङ्घीय तथा प्रदेश सरकार समेतका कार्यक्रमहरु वास्तविक लाभग्राही माझ पुऱ्याउने कार्य,
- विपन्न वर्गका जनताको जीविका र दैनिकीसँग जोडिएका स्थानीय सेवाको व्यवस्थापन, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाई जस्ता पूर्वाधार, स्थानीय मेलमिलाप र मध्यस्थकर्ताका रूपमा कार्य
- सबै तह र तप्काका नागरिकको अर्थपूर्ण सहभागिता, क्षमता विकास, सशक्तीकरण र मूल प्रवाहीकरण, तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित
- स्थानीय सरकारहरू बीच असल अभ्यासहरूको आदान प्रदान
- साहसिक र पर्यावरणीय पर्यटन व्यवसाय
- दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु, चराचुरुङ्गी, जैविक विविधता वन तथा जडिबुटीको संरक्षण तथा हिमताल र हिमनदीको संरक्षण
- लोपोन्मुख भेषभूषा, भाषा, धर्म, सँस्कृति तथा रीतिरिवाजको संरक्षण र धार्मिक पर्यटनको प्रबर्द्धन

**विद्यमान चुनौतिहरु**

- आफ्नो स्थानीय भौगोलिक स्वरुप अनुसारको पूर्वाधार निर्माण र सम्पन्न
- नागरिकहरुको माग र आपूर्ति बीचमा सन्तुलन कायम गराउनु,
- स्थानीय जनताको माग अनुसार विकास निर्माण गर्न कानुनी जटिलता,

- सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण मुख्य आधार जनसंख्यालाई मान्नु,
- सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने स्रोत र साधनको समुचित वितरण र पुनर्वितरण नहुनु,

## १२ नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

सम्पूर्ण सभासदहरु,

अब म आगामी आ. व. ०७९/०८० का लागि प्रस्तुत हुने नीति तथा कार्यक्रमको आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान
- नेपालको पन्ध्रौं राष्ट्रिय योजना;
- दिगो विकास लक्ष्य;
- विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, वातावरणमैत्री तथा बालमैत्री स्थानीय शासन,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लगायत विकासका अन्तरसम्बन्धित विषयहरू;
- सङ्घ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा तथा विनियोजन ऐन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- सङ्घीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४

## १३ चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण

### भौतिक उपलब्धि

- थामडाँडामा एन सेलको टावर निर्माण सम्पन्न भएको छ ।
- खुम्जुङदेखि गोक्यो जाने ट्रेकिङ ट्रेल र पाङबोचे ट्रेकिङ ट्रेल साथै फाक्दिङ, बेङ्कर, चौंरीखर्क, छेप्लुङ पर्यटकीय पदमार्ग निर्माण भएको छ ।
- ब्याङकार, सानोगुमेला, फोर्चे, चौंरीखर्क खानेपानी तथा अग्नी नियन्त्रण प्रणाली सुचारु तथा निर्माण सम्पन्न भएको छ

- लुक्लामा ३३ के. भि. ए. र खुम्जुङमा ११ के. भि. ए. राष्ट्रिय प्रशारण लाईन विस्तार गरी वितरण गर्नका लागि सम्भाव्यता अध्ययन न सम्पन्न भई सकेको छ । बोमखोला मिनी हाइड्रो निर्माण सम्पन्न भएको छ । आमाडब्लम मिनी हाईड्रो र मञ्जुखोला मिनी हाईड्रो निर्माणका चरणमा रहेका छन् ।
- लुक्ला ढल निर्माण, सार्वजनिक शौचालय निर्माण सम्पन्न हुने चरणमा रहेको छ । भारतीय दूतावास र यस गाउँपालिकाको लगानीमा खुम्जुङ खुन्दे ढल निर्माणको विद्युतीय बोलपत्र आह्वान भएको छ ।
- थुक्ला झोलुङ्गे पुल र इम्जा पोर्टर सेल्टरका लागि सोलार जडान र भित्री संरचना निर्माणका लागि विद्युतीय बोलपत्र आह्वान भएको छ ।
- डिमदोर्जी शेर्पा पर्यटन सडकको ट्र्याक ओपन गर्ने कार्यका लागि निर्माण व्यवसायीसँग खरिद सम्झौता सम्पन्न भएको छ ।
- समृद्ध गाउँपालिका निर्माण अभियानमा संलग्न महानुभानहरु तथा राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा ख्याती प्राप्त खुम्बुका ख्याती प्राप्त व्यक्तीहरुलाई सम्मान गरिएको छ।
- सामुदायिक छाडा कुकुरको व्यवस्थापनका लागि खुम्बु केनल हाउस स्थापना गरिएको छ ।

**आर्थिक सामाजिक उपलब्धि**

- ५ वर्षमुनिका बालबालिकाहरुलाई नियमित खोप सेवा उपलब्धता, टाईफाइड खोप अभियान सञ्चालन, कोभिड १९ को महामारीको व्यवस्थापन तथा यस गाउँपालिका भित्र बसोबास गर्ने स्थायी तथा अस्थायी बासिन्दाहरुलाई कोभिड १९ खोप सेवाको पहिलो मात्रा १०,९५४, दोश्रो मात्रा १०,५२२ र बुस्टर ४,१५२ जनाले प्राप्त गरेका छन् ।साथै सबै स्वास्थ्य संस्थाहरुको मासिक रिपोर्टिङ Online प्रणाली मार्फत अनिवार्य गर्ने व्यवस्था गरिएको छ ।
- २ वटा सामुदायिक विद्यालयमा पुस्तकालय स्थापना, पूर्ण साक्षर गाउँपालिका घोषणा, गाउँपालिका क्षेत्र भित्रका ६ जना बिद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्राबृत्ति उपलब्ध गराईएको छ ।

**वातावरणीय उपलब्धि**

- हिमाल सरफाई अभियान सम्पन्न
- २०७८ फागुन २२ गते नाक्चुङको वन क्षेत्रमा लागेको वन डढेलो नियन्त्रण
- प्लाष्टिक नियन्त्रण गर्न फाईबर र कपडाको झोला उत्पादन र वितरण
- फोहोर दहन केन्द्र स्थापना
- नाक्चुङ, टोकटोक, छ्युकुङ, फेरिचे र खुन्दे पहिरो नियन्त्रण कार्य सम्पन्न

**संस्थागत उपलब्धि**

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण व्यवस्थापकीय सूचना प्रणालीमा अद्यावधिक तथा बैंकबाट भुक्तानी गर्ने व्यवस्था
- व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत गर्ने प्रबन्ध
- वडाबाट संकलन हुने सबै राजश्व, विद्युतीय राजश्व प्रणाली र सिफारिसहरु विद्युतीय सिफारिस प्रणाली मार्फत सेवा उपलब्ध
- सबै नागरिकहरुको सबै प्रकारका तथ्याङ्क इपालिका प्रणालीमा अद्यावधिक

**१४ आगामी आर्थिक वर्षका प्राथमिक प्राप्त कार्यक्रमहरु**

- आर्थिक विकास
- सामाजिक विकास
- पूर्वाधार विकास
- वातावरण तथा विपद व्यवस्थापन विकास
- संस्थागत तथा सुशासन विकास

**आगामी आ.व. का प्रमुख नीतिहरु**

**आर्थिक विकास**

१५ उन्नत जातको बिउ, आधुनिक प्रविधि, कृषि तथा पशु सेवा सम्बन्धी प्राविधिक जनशक्ति उपलब्ध गराई कृषिको उत्पादकत्व वृद्धि गरिनेछ । उत्पादनको शित भण्डारण, प्रशोधन तथा बजारीकरणका साथै एक टोल एक कृषि उत्पादन, प्रशोधन केन्द्र तथा बिक्री केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराईनेछ ।

१६ माटोको स्वास्थ्य रक्षा गर्ने, उत्पादकत्व बढाउने र माटोको यथार्थ अवस्थाको वैज्ञानिक सूचना आधुनिक प्रविधिका मध्यमबाट पाउने व्यवस्था मिलाईनेछ ।

१७ कृषि अनुदान र कृषि उपजको समर्थन मूल्य निर्धारण गरी किसानको लगानी सुरक्षाको व्यवस्था गरिनेछ ।

१८ सिञ्चाईको विस्तार, खेतीयोग्य भूमिको सही उपयोग र आधुनिक प्रविधिको माध्यमबाट कृषिको आधुनिकीकरण गर्दै गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर र किसानलाई समृद्ध बनाईनेछ ।

१९ जीवनको आधारका रुपमा रहेका खाद्य पदार्थ उत्पादन गर्ने कृषि क्षेत्रलाई उच्च महत्व दिएर लगानी अभिवृद्धि गरी गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाईनेछ ।

२० कृषि क्षेत्रमा पकेट, ब्लक, जोन र सुपरजोन निर्धारण गरी व्यवस्थित गरिनेछ ।

२१ कृषि उत्पादन र पशुपालनमा गाउँपालिकालाई आत्मनिर्भर बनाईनेछ । पशुपालनका लागि नस्ल सुधार, उन्नत घाँस खेती, चरण क्षेत्र निर्धारण तथा व्यवस्थापन गरिनेछ ।

२२ उच्च मूल्यका खाद्यान्न, फलफुल, तरकारी, जडीबुटी, चिया, कफी लगायतका वस्तुहरुको उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ ।

२३ जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट किसानहरुलाई संरक्षण गर्न सूचना प्रणाली, नयाँ प्रविधिको विकास र क्षमता अभिवृद्धि गरिनेछ ।

२४ अनुभवमा आधारित खेती प्रणालीलाई ज्ञान र प्रविधिमा आधारित खेती प्रणालीको रुपमा विकास गरिनेछ ।

२५ अर्गानिक खेतीलाई प्रोत्साहन गर्नको लागि प्राङ्गरिक मल र जैविक विषादीको उत्पादन र प्रयोग तथा रैथाने बिउहरुको संरक्षण गर्न आवश्यक तालिम, प्रविधि र अनुदानको व्यवस्था गरिनेछ ।

२६ गाउँपालिका क्षेत्रभित्र कम्तिमा एउटा औद्योगिक ग्राम स्थापना र सञ्चालन गरिनेछ । लघु, साना एवं मझौला उद्योगको स्थापना र विकास गर्न निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

२७ उद्यमशिलता विकासका लागि आवश्यक तालिम, प्रविधि र बीउ पूँजीको व्यवस्था गरिनेछ ।

२८ कृषि उत्पादनमा आधारित उद्योगहरुको स्थापना, सञ्चालन एवं व्यवस्थापनको लागि आवश्यक सहयोगको व्यवस्था गरिनेछ ।

२९ श्रमिकको आवश्यकता र उपलब्धताको अनुसन्धान र अभिलेखीकरण गर्ने व्यवस्था मिलाईनेछ । दक्ष र अर्धदक्ष श्रमिकको विकासका लागि सीप विकास तालिम र पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

३० रोजगार सूचना केन्द्र स्थापना गरी बेरोजगारी अवस्थाको तथ्याङ्क संकलन र सूचना प्रणाली विकास गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध गरिनेछ । स्वरोजगार बन्न चाहनेलाई तालिम, प्रविधि, सहुलियत ऋण वा अनुदान सहयोग उपलब्ध गराईनेछ । विपन्नलाई उत्पादनका साधन तथा सीपमूलक तालिम र उपकरण उपलब्ध गराई काम, रोजगारी र अन्य आय आर्जनको अवसर उपलब्ध गराईनेछ ।

३१ श्रमिकको न्यूनतम ज्याला प्रत्याभुत गर्ने, औपचारिक वा अनौपचारिक प्रकृतिका, कृषि, उद्योग र सेवा क्षेत्रमा कार्यरत सबै श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्ने, निर्माण क्षेत्रमा अधिकतम रोजगारी सिर्जना हुने गरी श्रमप्रधान प्रविधिको प्रयोग गरिनेछ ।

३२ वैदेशिक रोजगारीमा जानेका लागि न्यूनतम एउटा सीपमूलक तालिम दिने र विदेशबाट फर्केका व्यक्तिहरुको ज्ञान सीप र पूँजीको सदुपयोग हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

३३ शेर्पा जातीको इतिहाससँग जोडिएको याक, नाक र चौंरीपालनको तथ्याङ्क संकलन गरी याक, नाक र चौंरीपालन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

३४ हिमाल आरोहण क्षेत्रमा सेवा गरी स्वास्थ्य र उमेरका कारण पुन: पर्वतारोहण गर्न नसक्ने पर्वतारोहीहरुको तथ्याङ्क संकलन गरी लगत राखी सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ । पर्वतारोहीहरुको सुरक्षा र आरोहणलाई साहसिक क्षेत्रहरुमा प्रबर्द्धन गर्न अन्तराष्ट्रिय स्तरीय तालिमको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

३५ खुम्बु क्षेत्रमा गरिने हवाई ढुवानी व्यवस्थापन गर्न आवश्यक नीति निर्माण गरिनेछ ।

३६ ज्येष्ठ नागरिकहरुका लागि हवाई उडानमा सहुलियत सुविधाको व्यवस्था गर्न पहल गरिनेछ ।

३७ पर्यटन व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन पर्यटन व्यवसायी तथा सरोकारवालाहरुसँग छलफल गरी पर्यटन नीति तर्जुमा गरी लागू गरिनेछ ।

३८ खरिखोला स्लेट ढुङ्गा उत्खनन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

**सामाजिक विकास**

**गुणस्तरीय शिक्षाको आधार: प्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालयमा सुधार :**

३९ गुणवान र सक्षम नागरिक तयार गर्न शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै सामुदायिक शिक्षालाई गुणस्तरीय, सीपमूलक र जीवनोपयोगी बनाईनेछ ।

४० गाउँपालिकाको शैक्षिक गुरुयोजना तयार गरी लागू गरिनेछ । स्कुल सफ्टवेयर निर्माण गरी सफ्टवेयर मार्फत विद्यालयको तथ्याङ्क अध्यावधिक, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने व्यवस्था मिलाईनेछ । स्थानीय पाठ्यक्रम तर्जुमा गरी पठनपाठनको व्यवस्था मिलाईनेछ ।

४१ विद्यालय जाने सबै उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास लगायत आधारभूत तथा माध्यामिक शिक्षामा सहज पहुँच पुऱ्याईनेछ । बीचैमा पढाइ छाड्ने समस्याको समाधान गरिनेछ । विद्यालय जान नसक्ने बालबालिकाका लागि विशेष शिक्षाको व्यवस्था गरिनेछ । विद्यालय जान एक घण्टा भन्दा बढी समय लाग्ने भएकै कारण आवाशको आवश्यकता भएका स्थानीय विद्यार्थीहरुलाई निःशुल्क छात्रावृत्तिको व्यवस्था गरिनेछ ।

४२ सामुदायिक शिक्षालाई गुणस्तरीय, प्रतिष्पर्धी र सबैको सहज पहुँचभित्र पुऱ्याउन पर्याप्त कक्षा कोठा, पुस्तकालय र प्रयोगशाला, कम्प्युटर ल्याब, ई–लाईब्रेरी, विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था, शिक्षक आवास, आवश्यक जनशक्ति, तालिम, खेलमैदान लगायत अन्य संरचनाहरु निर्माण, स्तरोन्नति, व्यवस्थापन तथा सञ्चालन गरिनेछ । गाउँपालिका भित्रका सबै विद्यालयहरुमा इन्टरनेट र विद्युत सेवा पुऱ्याईनेछ ।साथै सडक सञ्जाल पुगेको विद्यालयहरुमा यातायात सुविधा सुनिश्चित गर्न आवश्यक पहल गरिनेछ।

४३ छात्रामैत्री शौचालयको व्यवस्था, स्यानिटेरी प्याडको नियमित र भरपर्दो वितरण तथा व्यवस्थापन, छात्रा छात्रवृत्ति कोष स्थापना, विद्यालय नर्स सेवा कार्यक्रम सञ्चालन, विद्यार्थीका लागि पोशाक, दिवा खाजा, पाठ्य सामाग्री वितरण जस्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४४ गाउँपालिकामा कम्तिमा एउटा प्राविधिक धारको माध्यमिक विद्यालय स्थापना, बहुविधामा कक्षा सञ्चालन, प्राविधिक सीप तथा व्यवसायिक तालिम प्रदान गरी सीप र क्षमतालाई रोजगारी र पेशा व्यवसायसँग आबद्ध गरिनेछ । पाठयक्रम तर्जुमा गरी हाल फोर्चेमा सञ्चालित खुम्बु क्लाइम्बिङ सेन्टरलाई माउण्टेनेरिङ स्कूलको रुपमा विकास गरिनेछ ।

४५ विद्यालय व्यवस्थापन समितिलाई सक्षम, प्रभावकारी र जवाफदेही बनाईनेछ । शिक्षकलाई आधुनिक सिकाइ शैली र ज्ञान बारे अद्यावधिक हुन र प्रविधिमैत्री बन्न आवश्यक क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।

४६ माध्यमिक शिक्षालाई क्रमशः निशुल्क र अनिवार्य बनाउने, सामुदायिक विद्यालयको गुणस्तर विकास गरेर गाउँपालिकाभित्रका बालबालिकाहरुलाई स्थानीय विद्यालयमै पढ्ने वातावरण निर्माण गरिनेछ ।

४७ गाउँपालिका भित्रै उच्च शिक्षा अध्ययनका लागि कलेज स्थापना गर्न आवश्यक पूर्वाधार विकास गरी सञ्चालन एवं व्यवस्थापन गरिनेछ । उच्च शिक्षा अध्ययनका लागि सक्षम र प्रतिष्पर्धी विद्यार्थी उत्पादन र उच्च शिक्षामा पहुँचका लागि उच्च शिक्षा छात्रवृत्तिको व्यवस्था गरिनेछ । शिक्षा सेवा आयोग र लोक सेवा आयोगमा स्थानीयको पहुँच बढाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । गरीबीका रेखामुनि रहेका बालबालिकाहरुलाई निशुल्क शिक्षा दिने व्यवस्था गरिनेछ ।

४८ गाउँपालिका भित्रका विद्यालयहरुमा गैर सरकारी संघ संस्था तथा अन्य संस्थाहरुले गर्ने सहयोगहरु जस्तै शिक्षक तलब, छात्रावृत्ति प्रदान, भौतिक संरचना निर्माण, शैक्षिक सामाग्री वितरण जस्ता सहयोगहरुलाई गाउँपालिकाको शैक्षिक योजना अनुरुप स्वीकृत गराई लगानी गर्ने व्यवस्था मिलाईनेछ

। गाउँपालिकाको शैक्षिक योजना अनुरुप गाउँपालिका भित्रका विद्यालयहरुमा लगानी सहयोग गर्ने गैर सरकारी संघ संस्थाहरुसँग आवश्यकता अनुसार समपूरक लगानी गर्ने व्यवस्था मिलाईनेछ ।

४९ शिक्षक तथा विद्यालय कर्मचारी कल्याण कोष स्थापना गरिनेछ । गाउँपालिका स्थापना भए यता बिदाई भएका र बिदाई हुने शिक्षकहरु तथा विद्यालय कर्मचारीहरुको हकमा गाउँपालिका भित्रका विद्यालयहरुमा दश बर्ष भन्दा लामो समय शिक्षण सेवा प्रदान गरेका शिक्षकहरुलाई प्रति वर्ष दश हजारका दरले र पच्चीस वर्ष भन्दा लामो समय शिक्षण सेवा प्रदान गरेका शिक्षकहरुलाई प्रति वर्ष बीस हजारका दरले बिदाई हुने बेलामा एकमुष्ट प्रोत्साहान भत्ता दिने व्यवस्था मिलाईनेछ । गाउँपालिका भित्र कार्यरत राहत शिक्षकहरुलाई अन्य शिक्षक सो सरह थप सेवा सुविधा प्रदान गर्न आवश्यक पहल गरिनेछ । विद्यालयमा कार्यरत न्युनतम सेवा सुविधा समेत प्राप्त नगर्ने कर्मचारीहरुको हकमा न्यनतम सेवा सुविधा प्रदान गरिनेछ ।

५० सबै विद्यालयहरुमा इको क्लब तथा बाल क्लबहरु स्थापना गरी त्यस्ता क्लबहरुको नियमित सञ्चालन र संस्थागत विकास गरिनेछ ।

**स्वास्थ्य**

**"स्वस्थ नागरिक: निरोगी गाउँपालिका"**

५१ पूर्वाधार, जनशक्ति, वित्तीय व्यवस्था र स्वास्थ्य चेतनाको विकासद्वारा स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन र निरोगी गाउँपालिका निर्माण गरिनेछ ।

५२ नियमित स्वास्थ्य परीक्षण शिविर सञ्चालन, निशुल्क स्वास्थ्य सेवा, जटिल रोगहरुको लक्षण परीक्षण शिविर सञ्चालन, आवश्यकतानुसार स्वास्थ पूर्वाधार विकास उपकरण तथा जनशक्तिको व्यवस्थापन गरिनेछ । स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई क्षमता अभिवृद्धि तालिम तथा आवश्यक सुविधाको व्यवस्था गरिनेछ ।

५३ गाउँपालिकाका स्थानीय नागरिकहरुलाई दश लाखसम्मको निस्वास्थ्य सेवा सुविधा प्रदान गर्न शुल्क आवश्यक नीति तर्जुमा गरी लागू गरिनेछ ।

५४ निजी, गैरसरकारी, सरकारी तथा सामुदायिक क्षेत्रसँगको साझेदारी, समन्वय र सहकार्यमा निर्मित स्वास्थ्य चौकी र अस्पातलहरुले प्रवाह गर्ने सेवाको सुलभता र गुणस्तरीयता सुनिश्चित गरिनेछ ।

५५ महामारी, विपद् तथा अन्य स्वास्थ्य जोखिमको व्यवस्थापन, स्वास्थ्यका लागि हानिकारक खाद्यपदार्थको नियमन, सबै खाद्य वस्तुहरुको मापदण्ड निर्धारण र गुणस्तर अनुगमन गर्नको लागि आवश्यक नीति तथा संरचना निर्माण गरिनेछ ।

५६ सबै स्वास्थ्य संस्थाहरुमा व्यवस्थित प्रसुति सेवा केन्द्र स्थापना गरी गर्भवती सबै महिलाले स्वास्थ्य केन्द्रमा प्रसुति गराउन प्रोत्साहन गर्नको लागि अस्पतालमा बच्चा जन्माउने सुत्केरीलाई रु बीस हजार

सुत्केरी प्रोत्साहन तथा उत्प्रेरणा भत्ता, न्यानो झोला वितरण र पोषण सम्बन्धी सेवा दिने व्यवस्था मिलाईनेछ । आवश्यकता अनुसार सुत्केरी उद्धार कार्यक्रम सञ्चालन गरिनेछ ।

५७ ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्तहरुको लागि त्रैमासिक रुपमा एक पटक घरमै स्वास्थ्यकर्मी पठाउने र निशुल्क स्वास्थ्य परीक्षण र नियमित रुपमा निशुल्क औषधी आपूर्तिको व्यवस्था मिलाईनेछ ।

५८ टोक टोक, थामे र पाङगोममा प्रत्येक महिनामा आवश्यकता अनुसार एक दिने र दुई दिने नियमित खोप सेवा, परिवार नियोजन सेवा तथा दिर्घ रोगीहरुको स्वास्थ्य परीक्षण सहित प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । ठमोमा स्वास्थ्य संस्था स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

५९ स्वास्थ्य आहार, स्वास्थ्य विहार र विश्रामको सन्तुलन कायम गर्न जनचेतना अभिवृद्धि गरिनेछ । सन्तुलित तथा नियमित खानपानको लागि डाइट प्लान सर्वेक्षण गरी आवश्यकतानुसार चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६० टेली मेडिसेन कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ । स्थानीय स्वास्थ्य सूचना प्रणालीलाई केन्द्रीय सूचना प्रणालीसंग आबद्ध गरिनेछ ।

६१ गाउँपालिका भित्र ब्लड बैंक स्थापना गर्न आवश्यक पहल गरिनेछ । ब्लड ग्रुपिङ शिबिर सञ्चालन गरी खुन्दे, लुक्ला र खरिखोलामा रगत परीक्षण र आदन प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

**खानेपानी**

**"स्वच्छ खानेपानी: सफा बस्ती राम्रो आनीबान"**

६२ प्रत्येक नागारिकलाई स्वच्छ र पर्याप्त खानेपानी र सरसफाईको व्यवस्था मार्फत सफा, सुन्दर र सभ्य गाउँपालिका निर्माण गरिनेछ।

६३ **एक घर एक धारा र एक टोल एक आगलागी नियन्त्रण प्रणाली** कार्यक्रम मार्फत गाउँपालिका भित्रका सबै नागरिकमा स्वच्छ र पिउन योग्य खानेपानीको सुलभ आपूर्ति र आगलागीबाट हुने धनजनको क्षति न्यूनीकरण सुनिश्चित गर्न खानेपानी तथा अग्नी नियन्त्रण योजना नपुगेका सबै टोलहरुमा खानेपानी तथा अग्नी नियन्त्रण योजना सञ्चालन गरिनेछ । निर्माणाधीन खरिखोला, पैंया, बेंकर, सानोगुमेला र जोरसल्ले खानेपानी निर्माण योजना यसै वर्ष सम्पन्न गरिनेछ । लुक्ला र मूसे खानेपानीको स्तरोन्नति गरिनेछ ।

६४ भारतीय दुतावास र यस गाउँपालिकाको संयुक्त लगानीमा खुम्जुङ खुन्दे ढल निकास योजना सम्पन्न गरिनेछ ।

६५ सार्वजानिक क्षेत्रमा शौचालयको व्यवस्था, टोल टोलमा आवश्यकता अनुसार ढल व्यवस्थापन, फोहोर पानी प्रशोधनको व्यवस्था गरिनेछ ।

६६ सगरमाथा प्रदूषण नियन्त्रण समिति (SPCC) को कार्यक्षेत्र गाउँपालिकाको क्षेत्रभरी विस्तार गरी फोहोर मैलाको दिगो व्यवस्थापनको कार्यक्रमहरु सञ्चालन गर्न आर्थिक प्रस्तावको आधारमा सगरमाथा

प्रदूषण नियन्त्रण समिति (SPCC) सँग सम्झौता गरी सफा, सुन्दर र सभ्य गाउँपालिका निर्माण गर्ने अभियानलाई सार्थकता दिईनेछ ।

**कला, सँस्कृति**

**"मौलिक कला भाषा र संस्कृति :स्थानीय पहिचानको अभिवृद्धि"**

६७ मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण गर्दै स्थानीय पहिचानको अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

६८ ऐतिहासिक, सांस्कृतिक र मानव निर्मित सम्पदा तथा संरचनाहरुको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विकास गरिनेछ ।

६९ ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदा, धार्मिक एवं साँस्कृतिक मेला, पर्व र जात्राको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गरिनेछ । गुम्बा, मन्दिर, चर्च, धर्मशाला, पाटी पौवा, ऐतिहासिक स्थल, देविस्थान जस्ता सम्पदाको संरक्षण र व्यवस्थापन गरिनेछ ।

७० मातृ भाषाको सम्बर्द्धन, जातीय तथा क्षेत्रीय कला, संस्कृतिको संरक्षण र विकासको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**यूवा**

**"सबल राष्ट्रका लागि स्वस्थ र सिर्जनात्मक यूवा"**

७१ यूवाहरुको चौतर्फी विकासका लागि नीतिगत, संरचनात्मक एवं स्रोत व्यवस्थापन गर्दै उनीहरुलाई विकासका साझेदार र मुख्य संवाहकका रुपमा अगाडि बढाईनेछ ।

७२ यूवाहरुमा सिर्जनात्मक सोच, स्वयंसेवी भावना, देशप्रेम, सीप, सामुहिकता र गुणवत्ता विकास गर्नको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । हरेक क्षेत्रमा यूवाहरुलाई अगाडि बढ्न प्रोत्साहन र आवश्यक वातावरण निर्माण गरी यूवाहरुकै सहभागिता र नेतृत्व क्षमता विकास गर्दै सामाजिक, आर्थिक र राजनीतिक माध्यमबाट स्थानीय विकास निर्माणमा यूवाहरुको सक्रीय सहभागिता अनिवार्य गरिनेछ ।

७३ यूवाहरुको शारीरिक तथा मानसिक विकासको लागि खेल मैदान, कभर्ड हल तथा क्लब भवन, आवश्यक खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था लगायत पूर्वाधार निर्माण, खेलकुद तालिम सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

७४ लुक्ला कभर्ड हल निर्माण सम्पन्न गरी सञ्चालन गरिनेछ । खुम्जुङ, नाम्चे चौरिखर्क र खरिखोलामा बहुउद्देश्यीय कभर्ड हल निर्माण गर्न आवश्यक पहल गरिनेछ । प्रत्येक टोलहरुमा खेलमैदान स्थापना गर्न जग्गा प्राप्तिको लागि आवश्यक पहल गरिनेछ । साथै हाल सञ्चालनमा रहेका खेलमैदानहरु व्यवस्थित गर्न आवश्यक सहयोग गरिनेछ । गाउँपालिकाभित्रको उपयुक्त स्थानमा रंगशाला निर्माण गर्न पहल गरिनेछ ।

७५ विद्यालयहरुमा खेल शिक्षक र खेल सामाग्री उपलब्ध गराई विद्यालय स्तरबाटै खेलकूद विकास गरिनेछ । एभरेष्ट जुडो क्लव सञ्चालनको लागि आवश्यक संरचना निर्माण तथा सहयोग प्रदान गरी सबै विद्यालयहरुमा जुडो कक्षा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ । खेलकूद विकासको लागि खेलाडी, प्रशिक्षक र रेफ्रीहरुको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गरिनेछ ।

७६ वार्षिक रुपमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, ङिमदोर्जी शेर्पा स्मृति गोल्ड कप भलिबल प्रतियोगिता, राष्ट्रिय विभुति पासाङल्हामू शेर्पा स्मृति कप भलिबल प्रतियोगिता, खुम्बु ल्होसार कप फुटबल प्रतियोगिताहरु सञ्चालन गर्न आवश्यक सहयोग प्रदान गरिनेछ ।

७७ यूवा उद्यमशीलता विकासका लागि तालिम, व्यवसायिक तथा सीपमूलक शिक्षा, इन्टर्नसीप, स्टार्ट अप, यूवा केन्द्रित बीउ पुँजीको व्यवस्था, अन्वेषण तथा अनुसन्धानमा टेवा पुऱ्याउनको लागि यूवा स्वरोजगार कोष स्थापना तथा सञ्चालन गरिनेछ ।

७८ प्रत्येक वडामा यूवा केन्द्रित उद्यम व्यवसाय प्रबर्द्धन मार्फत रोजगारीको अवसर सिर्जना गरी यूवालाई स्थानीय स्तरमा स्थापित गरिनेछ ।

७९ यूवाहरुलाई सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणको अभियानमा अग्रणी भूमिकामा स्थापित गरिनेछ ।

८० विपद, महामारी, विकास निर्माण, सरसफाई तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिका लागि गाउँपालिकामा यूवा स्वयंसेवकहरुको स्थायी संयन्त्र निर्माण गरिनेछ । यूवाहरुलाई विपद व्यवस्थापन तालिम, प्रविधि र उपकरणको व्यवस्था गरी एक वडा एक विपद व्यवस्थापन केन्द्र स्थापना तथा सञ्चालनको व्यवस्था गरिनेछ ।

८१ माध्यामिक शिक्षा पूरा गरेर श्रम बजारमा जान चाहने यूवाहरुका लागि सीप विकास तथा व्यवसायिक शिक्षाको व्यवस्था गरी रोजगारीको प्रबन्ध मिलाईनेछ ।

**आदिवासी जनजाती, ज्येष्ठ नागरिक, महिला, दलित, बालबालिका, फरक क्षमता भएका व्यक्ति र सामाजिक समावेशीकरण**

**"समानतातर्फको महिला यात्राः समाजवाद उन्मुख राज्यको विशेषता "**

**"खुशी जेष्ठ नागरिक, सुखी बालबालिकाः अपाङ्गमैत्री गाउँपालिका "**

८२ राज्यका हरेक अंग, क्षेत्र र क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक समानता प्रत्याभूति गराईनेछ । जीवन चक्र माथि आधारित सामाजिक सुरक्षा कार्यक्रम मार्फत जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र असहायहरुको संरक्षण गर्दै सभ्य र सुसंस्कृत समाजको निर्माण गरिनेछ ।

८३ राज्य समाजको हरेक अंग र क्रियाकलापमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ । शिक्षा, स्वस्थ्य, रोजगारी र सामाजिक सुरक्षा लगायत महिलाका संविधान प्रदत्त हकको कार्यान्वयन गरिनेछ ।

८४ महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक शुनिश्चित गरिनेछ ।

८५ घरेलु श्रममा महिलाको योगदानको गणना गरिनेछ । घरेलु कामको बोझलाई कम गर्दै महिलाहरुलाई उत्पादनाशील र सामाजिक क्षेत्रमा सहभागी गराईनेछ । महिला उद्यमशीलता मार्फत स्वरोजगारी प्रबर्द्धन गरिनेछ ।

८६ महिलाको समान ज्याला, कार्यस्थलमा लैंगिक हिंसा, घरेलु हिंसा, तथा धार्मिक, सांस्कृतिक, प्रथा, परम्परा आदि नाममा हुने सामाजिक भेदभाव र शोषण हटाउन विशेष अभियान सञ्चालन गरिनेछ ।

८७ संघको सहयोगमा राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रभावकारी कार्यन्वयन गरिनेछ ।

८८ गाउँपालिकालाई महिला हिंसामुक्त, बालविवाहमुक्त, छुवाछुतमुक्त र बोक्सीप्रथामुक्त घोषणा गरी घोषणाको प्रभावकारी कार्यन्वयन र सोको अनुगमनका लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ ।

८९ बाल्यकालदेखि वृद्धावस्थासम्म सम्बोधन हुने गरी जीवनचक्रमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यन्वयन र अनुगमन गरिनेछ ।

९० जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असाहायको तथ्याङ्क संकलन र सहयोगको अभियान सञ्चालन गरिनेछ । उनीहरुका लागि घरमै निशुल्क स्वास्थ्य परिक्षण सेवा उपलब्ध गराःईनेछ । हेरचाह गर्ने कोहीनभएका वृद्ध र अशक्त लामा गुरुहरुको पालनपोषण, उपचार र मृत्यु संस्कारको लागि विशेष आवश्यक व्यवस्था मिलाईनेछ ।

९१ सार्वजनिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाईनेछ । अशक्त व्यक्तिका लागि सहज रुपमा आधारभूत सेवा पुऱ्याउने व्यवस्था मिलाईनेछ ।

९२ बालश्रमको अन्त्य गरी कुनैपनि बालबालिका विद्यालय बाहिर नरहने शुनिश्चित गरिनेछ । बालबालिकाहरुको सिर्जनात्मक क्षमता विकासका लागि इको क्लव तथा बाल उद्यानहरुको व्यवस्था गरिनेछ ।

९३ जोखिममा रहेका, अनाथ र मानसिक समस्यामा परेका बालालिकाहरुको उद्धार र पुनस्थापनाका लागि विभिन्न गैर सरकारी संस्था र सामाजिक तथा धार्मिक संस्थासँग सहकार्य गरिनेछ ।

९४ हरेक वडामा जेष्ठ नागरिक मिलन तथा स्याहार केन्द्रको स्थापना गरिनेछ । उनीहरुको अनुभव र ज्ञान नयाँ पुस्तालाई हस्तान्तरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । अशक्त जेष्ठ नागरिकहरुलाई घरैमा भत्ता, नि:शुल्क स्वास्थ्य परीक्षण र औषधी उपचार उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

९५ जन्म दर्ता अनिवार्य गरी कुनै पनि बालबालिकालाई राज्यविहिनको अवस्थामा रहन नदिन आवश्यक व्यवस्था मिलाईनेछ । विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिनेछ ।

९६ बालबालिकालाई लागु औषधको कुलतमा संलग्न हुन नदिन चेतना जागरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९७ वृद्ध भत्ता र अन्य सामाजिक सुरक्षा भत्तालाई समय सापेक्ष बृद्धि गर्न पहल गरिनेछ । ज्येष्ठ नागरिहरुलाई न्यानो कपडा र पोषण तथा निशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ । एकल महिलाहरुको क्षमता अभिवृद्धि गरी आयआर्जन हुने पेशा, व्यवसाय र रोजगारीको व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकास**

९८ गाउँपालिका केन्द्र जोड्ने सडक ट्र्याक ओपन कार्यलाई निरन्तरता दिईनेछ । वडा नं. १ को सबै टोलहरु, वडा नं. २ को सुर्के, नाक्चुङ, मुसे, लुक्ला, च्योङमा लगायतका टोलहरुमा सडक सञ्जाल पुर्‍याईनेछ। ट्र्याक ओपन भईसकेका सडकको स्तरोन्नति गरिनेछ।

९९ गाउँपालिका क्षेत्र भित्र पर्यटकीय पदमार्ग निर्माण कार्य, स्तरोन्नति कार्य, पक्की तथा झोलुंगे पुल निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१०० धार्मिक स्थल दूधकुण्ड जोड्ने, चौरीखर्कदेखि लुम्दिङ जोड्ने तथा मेरापिकदेखि थामसेर्कु जोड्ने नयाँ पर्यटन गन्तव्य पदमार्गको सम्भाव्यता अध्ययन गरिने तथा नेपालको तर्फबाट चोयु हिमाल आरोहणका लागि हिममार्ग पहिचान गरिनेछ साथै नयाँ हिमाल तथा पिकहरु पहिचान गरी प्रबर्द्धन कार्यमा जोड दिईनेछ ।

१०१ वडा नं ३ को नाचिपाङमा ५ शैयाको अस्पताल निर्माण गरिनेछ। वडा नं ४ मा रहेको खुन्दे अस्पतालको स्तरोन्नति गरिनेछ।

१०२ "बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२"मा व्यवस्था भए बमोजिम गाउँपालिका हुनु भन्दा पहिले निर्माण भएका घरहरुको अभिलेखीकरण गरिनेछ। भवन निर्माण सम्बन्धी आवश्यक मापदण्ड तथा कार्यविधि लागू गरिनेछ। घर निर्माण गर्दा नक्सा पास गर्ने प्रावधानलाई अनिवार्य, सरल र प्रभावकारी बनाईनेछ ।

१०३ गाउँपालिकालाई व्यवस्थित गाउँको रुपमा विकास गर्न "भवन आचारसंहिता तथा बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२" लाई कार्यान्वयन गरिनेछ।

१०४ गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालयहरु तथा निर्माण सम्पन्न भएका सामुदायिक भवनहरुको स्तरोन्नति र अन्य स्थानहरुमा सामुदायिक भवनको निर्माण कार्यलाई प्राथमिकतामा राखी कार्य अगाडि बढाईनेछ।

१०५ घुम्ती टोलीबाट निजी जग्गाहरुको सर्वेक्षण गरी जग्गा पास गर्ने व्यवस्था मिलाईनेछ।

१०६ भू—उपयोग ऐनका आधारमा गाउँपालिकाले भु—उपयोग योजना तर्जुमा र कार्यन्वयन गरिनेछ । मालपोत तथा जग्गा प्रशासनका काम स्थानीय तहबाटै सञ्चालन गर्न भू–सेवा केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ ।

१०७ यस गाउँपालिकामा आवश्यक भरिया आवास व्यस्थापन तथा निर्माण कार्य गरिनेछ।

१०८ गाउँपालिकालाई केन्द्रीय प्रसारण लाईनको विद्युतसँग जोडिने कार्यलाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।

१०९ सञ्चार र सूचना प्रविधिलाई प्रभावकारी बनाउन Fiber cable र थप Telecom Tower को निर्माण कार्यलाई अगाडि बढाईनेछ।

११० जलविद्युतको पहुँच नभएको विभिन्न स्थानहरुमा सोलार जडान तथा सुधारिएको चुलो बितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।निर्माणाधीन मञ्जुखोला मिनी हाईड्रो, आमाडब्लम मिनी हाईड्रो आयोजनाको निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखी निर्धारित समय सीमा भित्र नै सम्पन्न गर्ने प्रबन्ध मिलाईनेछ।

१११ जोखिमयुक्त पर्यटकीयमार्गहरु(पासहरु) मा Battery Charging station तथा internet को निर्माण कार्य तथा शहरोन्मुख स्थानहरुमा Street Light तथा CC Camera जडान गरिने छ।

११२ गाउँपालिकाको उच्च हिमाली भू—भागमा जलवायु परिवर्तनका कारण प्रत्येक वर्ष (नाम्चे, थामे, ठमो, खुन्दे, टोकटोक, मिलिङगो, नाक्चुङ, मोञ्जो घट्टे खोला, घाट तथा सिसा खोला आदि) ठाउँमा बाढीपहिरो जाने भएकोले भू-संरक्षणका आवश्यक निर्माण कार्य अगाडि बढाईनेछ ।

११३ एभरेष्ट ट्रेकिङ ट्रेलमा पर्ने अति आवश्यकीय स्थानहरुमा शौचालय निर्माण गरिनेछ ।

११४ गाउँपालिका भित्रका पदमार्गहरु मापदण्ड अनुरुप पर्यटकमैत्री र अपाङ्गमैत्री बनाईनेछ ।

११५ सडकमार्ग, हवाईमार्ग, पदमार्ग लगायत आवागमन र यातायात सम्बन्धका सबै माध्यमहरुको विकास र प्रयोग गरी आवागमन, सेवा र आपूर्ति व्यवस्थालाई सहज र आधुनिक बनाईनेछ ।

११६ उद्धार तथा आकस्मिक प्रयोजनको लागि हवाई मापदण्ड अनुरुप हेलिप्याड निर्माण तथा मर्मत कार्य गरी सञ्चालन गरिनेछ ।

११७ सडक तथा पदमार्ग निर्माण गर्दा यसको दिगोपन, लाभ र पर्यावरणीय प्रभावको अध्ययन गरी मापदण्ड पालनाको अनिवार्य व्यवस्था गरिनेछ । जथाभावी डोजरको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

११८ सार्वजनिक यातायात प्राधिकरण स्थापना गरी सार्वजनिक यातायातलाई व्यवस्थित गरिनेछ ।

११९ खरिखोलामा व्यवस्थित बसपार्क निर्माण गरिनेछ।सडक सञ्जाल पुगेका अन्य स्थानहरुमा आवश्यकतानुसार बस पार्क, बस स्टयाण्ड, बस टर्मिनल, पार्किङ क्षेत्र विकास गरिनेछ । नियमित सवारी साधनको भाडा दर निर्धारण गरिनेछ ।

१२० सडक सुरक्षा र दुर्घटना रोकथामका लागि आवश्यक स्थानहरुमा संकेत, साइनपोष्ट निर्माण तथा व्यवस्थापन गरिनेछ ।

१२१ विद्युतीय सवारी साधन लगायत पर्यावरणमैत्री यातायात सञ्चालनको लागि आवश्यक पूर्वाधार विकास गरी पर्यावरणमैत्री यातायत सञ्चालनलाई प्रोत्साहन गरिनेछ ।

१२२ अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नको लागि सार्वजनिक निजी साझेदारी ढाँचा आलम्बन गरिनेछ । जग्गा एकिकरण (ल्याण्ड पुलिङ) प्रणालीलाई प्रबर्द्धन गरिनेछ ।

१२३ हरियाली सडक, गाउँ सौन्द्धर्यीकरण र पार्कको विकास र व्यवस्थापन गरिनेछ ।

१२४ पुराना बस्तीको सुधार, पूर्वाधार विकास तथा बिस्तार गर्दै ऐतिहासिकता र मौलिकताको संरक्षण गर्न परम्परागत र मौलिक घर निर्माणको लागि प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ।

१२५ केबलकार, एरिअल रोपवे, प्याराग्लाइडिङ, बञ्जी जम्प, ऱ्याफ्टीङ, रक तथा आइस क्लाइम्बीङ, कायाकिङ, क्यानोनोइङ, साइक्लिङ लगायत पूर्वाधार तथा सेवा सुविधाको विकासको लागि निजी क्षेत्रहरुसँग सहकार्य गरिनेछ।

**वातावरण तथा विपद व्यवस्थापन**

१२६ जलवायु परिवर्तन र विपद् जोखिमका प्रतिकुल प्रभावबाट संरक्षण र अनुकुलनका लागि आवश्यक जनचेतना, क्षमता अभिवृद्धि, पूर्व सूचना, प्रविधि र उपकरणहरुको व्यवस्था गरिनेछ । जलवायु परिवर्तन र विपद् जोखिमबाट प्रभावित र उच्च जोखिममा रहेका समुदाय र बस्तीको संरक्षण गर्न विपद व्यवस्थापन कोष स्थापना गरिनेछ । उच्च हिमाली क्षेत्रमा उद्धार प्रयोजनको लागि उद्धार दल गठन एवं संस्थागत गरिनेछ ।

१२७ सामुदायिक वनको संरक्षण, सम्बर्द्धन, व्यवस्थापन र यसको बुद्धिमत्तापूर्वक सदुपयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८ जमिनमा पानीको पुनःर्भरण र जमिनको जलस्तर बढाउन बर्षातको पानी संकलन, पोखरीहरुको निर्माण र संरक्षण तथा जलधार क्षेत्रको विकास गरिनेछ । एकिकृत जलधार क्षेत्र संरक्षण, बाढी पहिरो नियन्त्रण, जल उत्पन्न जोखिम न्युनीकरण र जलस्रोतको बहुउपयोग गर्नको लागि आवश्यक कार्यक्रमहरु गरिनेछ ।

१२९ विकास निर्माणमा हरित प्रविधि र वातावरणमैत्री विकासलाई प्रोत्साहन गरिनेछ । हरित अर्थतन्त्रको विकासमा लगानीलाई प्रोत्साहन गरिनेछ ।

१३० विपद् जोखिमको नक्साङ्कनका आधारमा प्राकृतिक विपद्को सामना गर्न पूर्व तयारी गर्ने व्यवस्था गरिनेछ।आपतकालीन उद्धार, राहत एवं पुनःर्निमाण र पुनःस्थापनाको आवश्यक तयारीको लागि बन्दोबस्तीका सामाग्री तयारी अवस्थामा राख्ने, एकिकृत र सुरक्षित बस्ती विकास गरिनेछ ।

१३१ विपदबाट हुने मानवीय तथा भौतिक क्षति रोक्न भूसंरक्षण तथा भूक्षय र पहिरो नियन्त्रण सम्बन्धि कार्य, नदी तटबन्धन तथा बाढी नियन्त्रण सम्बन्धि कार्य तर्जुमा गरी कार्यान्वयन गरिनेछ । भूकम्प

प्रतिरोधी भवन र संरचनाहरु निर्माण गर्न प्रोत्साहन गरिनेछ । वन डढेलोबाट हुनसक्ने प्रतिकारात्मक तथा उपचारात्मक कार्यक्रम तय गरिनेछ ।

१३२ वन्यजन्तु एवं चराचुरुङ्गी संरक्षण र मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न आवश्यक अनुदान, राहत, बाली संरक्षण कार्यक्रम र हेरालुको व्यवस्था, वन र आवादी क्षेत्रको सीमाङ्कन गरी मेशजाली लगाई बारबन्देज गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ ।

१३३ खाना पकाउन र घरायसी प्रयोजनका लागि किफायती उर्जा प्रबर्द्धन गरिनेछ । घरलाई दाउरा, गुइँठा र धुँवाबाट मुक्त गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३४ समुदायमा आधारित जलवायु अनुकुलन योजना तर्जुमा गरी लागू गरिनेछ । जलवायु अनुकुलनका लागि समुदायमा परम्परागत सीप, ज्ञान र प्रविधिलाई प्रयोग गरिनेछ ।

१३५ भुकम्पबाट भत्किएका बाँकी निजी आवास तथा सम्पुर्ण स्वास्थ्य संस्था, शिक्षण संस्था, सरकारी तथा सुरक्षा निकायको भवनको पुनर्निमाण तथा पुनस्थापना यथाशिघ्र सम्पन्न गरिनेछ ।

१३६ जैविक र पर्यावरणीय विविधता सहितको पर्या—पर्यटनको प्रबर्द्धन एवं विकास गरिनेछ । एक वडा एक पार्कको विकास तथा व्यवस्थापन गरिनेछ ।

१३७ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिसँग समन्वय गरी वातावरण तथा संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**संस्थागत विकास तथा सुसाशन**

१३८ जैविक र मानवीय आवश्यकताको न्यायोचित परिपूर्ति गर्ने, मानव अधिकार र सामाजिक प्रबन्धको प्रत्याभुति गरिनेछ ।

१३९ संघ तथा प्रदेशसँगको सहकार्यमा न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन पूर्वाधार निर्माण, समितिको क्षमता विकास एवं स्थानीय मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गरी न्यायमा जनताको पहुँच सुनिश्चित र न्याय सम्पादन कार्यलाई छिटो, छरीतो र प्रभावकारी बनाईनेछ । पाँचैवटा वडाहरुमा मेलमिलाप केन्द्र स्थापना तथा संस्थागत गरिने छ । मेलमिलापकर्ताहरुको सूचिकरण गरी आवश्यक तालिमको व्यवस्थापन गरिनेछ ।

१४० न्यायिक समितिका फैसलाहरुको कार्यन्वयन र सो को अनुगमन गरिनेछ । विपन्न तथा गरीबका लागि निःशुल्क कानुनी परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

१४१ मानव अधिकारको संरक्षण गरी मानव अधिकार हननको अवस्थाको अनुगमन र कारबाही गर्न आवश्यक संरचना र संयन्त्रण निर्माण गरिनेछ ।

१४२ सामाजिक सद्भाव र मेलमिलाप अभिवृद्धि गर्न, साँस्कृतिक र जातीय सहकार्यको विकासका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

१४३ गम्भीर मानव अधिकार उल्लङघनका घटनाका दोषीहरुलाई कानुनको कठघरामा ल्याउन र पिडितहरुलाई न्याय दिलाउन सहजीकरण र समन्वय गरिनेछ । सबै खाले सामाजिक विभेदको अन्त्य गरिनेछ ।

१४४ समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा र दिगो विकास लक्ष्यलाई मार्गदर्शन मानेर स्थानीय विकासका लागि ठोस मार्गचित्र तयार गरी कार्यान्वयन गरिनेछ ।

१४५ गाउँपालिका र वडाको प्रोफाइल तयार गरी प्रकाशन गरिनेछ । तथ्याङ्क र अभिलेख अद्यावधिक र डिजिटाइज गरिनेछ । तथ्यांकमा आधारित दीर्घकालीन र आवधिक योजना निर्माण गरी भौगोलिक विशेषता, जनसंख्याको चाप, गरिबीको अवस्था र विकासको स्तरका आधारमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ । तथ्याङ्कमा आधारित अनुगमन र सेवाप्रवाहको व्यवस्था गरिनेछ । गाउँपालिकाको आवधिक योजना, योजना बैंक तयार गरी कार्यान्वयन गरिनेछ । गाउँपालिकामा तथ्याङ्क शाखा स्थापना गरिनेछ ।

१४६ योजनाहरुको सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षण अनिवार्य गर्ने व्यवस्था मिलाईनेछ । आवश्यकता अनुसार तेस्रो पक्षको सहभागितामा योजनाहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।

१४७ सार्वजनिक एवं सरकारी सम्पत्तिको अभिलेख संकलन, संरक्षण र व्यवस्थापन, भू-सूचना प्रणालीको विकास तथा व्यवस्थापन गरिनेछ ।

१४८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, खरीद, राजस्व परिचालन, प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धि आवश्यक कानुन बनाई कार्यान्वयन गरिनेछ ।

१४९ कर्मचारी व्यवस्थापन र परिभाषित उत्तरदायित्वका माध्यमबाट प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न कर्मचारीको क्षमता अभिवृद्धि, कर्मचारी वृत्ति विकास र शासकीय प्रभावकारिता अभिवृद्धि सम्बन्धि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५० गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निस्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कम्तीमा शाखा प्रमुख स्तरका कर्मचारीहरुसंग कार्य सम्पादन सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली (Result Based Evaluation System) अवलम्बन गरिनेछ ।

१५१ आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेटलाई प्रभावकारी कार्यान्वयन गर्न नीति कार्यक्रम तथा बजेट पारित भएको पन्ध्र दिनभित्र सबै शाखा प्रमुखले आफ्नो शाखासंग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका तयार गरी पेश गर्नुपर्ने नीति लिईनेछ । कार्यायोजना कार्यान्वयन भएको आधारमा प्रत्येक शाखा प्रमुख र कर्मचारीहरुको मूल्याङ्कन गरिनेछ ।

१५२ गाउँपालिका कार्यालय तथा वडा कार्यालय भवन निर्माण तथा अन्य पूर्वाधार विकास आगामी एक वर्ष भित्र सम्पन्न गरिनेछ । गाउँपालिका र वडाबाट हुने सेवा प्रवाह चुस्त र पारदर्शी बनाउन नागरिक बडापत्र लगायत सूचना शाखा र प्रविधिहरुको व्यवस्थापन गरिनेछ ।

१५३ गाउँपालिका र वडा कार्यालयबाट हुने सेवा प्रवाहलाई सुलभ, सहज र प्रभावकारी बनाउन इ-गभरनेन्स लागू गरी जन्म, विवाह, मृत्यु दर्ता, तिरो र कर भुक्तानी लगायतका कार्यहरु घरबाटै गर्न सक्ने गरी व्यवस्था मिलाईनेछ ।

१५४ गाउँपालिका तथा यस अन्तर्गतका वडा कार्यालयहरुमा प्रयोग गरिने सफ्ट्वेयर सञ्चालनका लागि गाउँपालिकाको आफ्नै सर्भर र डाटाबेशको व्यवस्था गरी कार्यालय तथा सेवाग्राहीहरुको गोपनीयता सुनिश्चित गरिनेछ ।

१५५ सुशासनको कसीमा गाउँपालिका, वडा कार्यालय र जनप्रतिनिधिहरुलाई खरो उतार्न पारदर्शिता, जनसहभागिता, योजनाबद्ध कार्यप्रणाली, जवाफदेहिता, प्रभावकारी कार्यसम्पादन, सदाचार, उच्च नैतिकतामा जोड दिईनेछ ।

१५६ एफ.एम .रेडियो, पत्रपत्रिका, टेलिभिजन एवं सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत सूचना सम्प्रेषण जनचेतना, कृषि सेवा, मौसमको पुर्वानुमानको जानकारी, बजार मूल्य, विपद् तथा महामारी विरुद्ध सचेतना फैलाउने कार्य गरिनेछ ।

१५७ सूचनाको हकको प्रत्याभूति हुने गरी प्रवक्ता र सूचना अधिकारीको व्यवस्था, सार्वजनिक स्थलमा निःशुल्क इन्टरनेटको प्रबन्ध, वेबसाइट र फेसबुक पेज अद्यावधिक गरिनेछ ।

१५८ नमूना गाउँपालिका बनाउन असल अभ्यास र उदाहरणीय कार्यको थालनी गरिनेछ । अन्य स्थानीय सरकारले गरेका नमूना कार्य अनुसरण गर्ने व्यवस्थाका लागि अन्य स्थानीय सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१५९ छिमेकी गाउँपालिकहरुसँग समन्वय, सहकार्य तथा भगीनी सम्बन्ध स्थापना गरी असल दृष्टान्त स्थापित गरिनेछ ।

१६० निजी क्षेत्र, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग सार्थक र समुचित सहकार्य र समन्वय गरिनेछ ।

१६१ नागरिकहरुमा कर तिर्ने बानीको विकास गरी संविधानले निर्दिष्ट गरेको कर्तव्य पालनप्रति जागरुक, सदाचार र सेवाभाव विकास गरिनेछ ।

१६२ करको पारदर्शिता र अधिकतम सदुपयोग गरिनेछ । स्थानीय तहलाई प्राप्त अधिकार अनुरुप स्थानीय कर, सेवा शुल्क दस्तुर परिचालन एवं राजस्व छली नियन्त्रण गर्न आवश्यक प्रविधि र संयन्त्र निर्माण गरिनेछ ।

१६३ प्रगतिशील कर प्रणालीको मान्यता अनुरुप विपन्न परिवारका हकमा कर छुटको अधिकतम प्रबन्ध मिलाईनेछ ।

१६४ करदाताको विवरण तथा राजस्व संकलनलाई सूचना प्रविधिमा आधारित बनाईनेछ । राजस्व र स्थानीय स्रोतहरुको अधिकतम परिचालन मार्फत गाउँपालिकालाई आत्मनिर्भर बनाईनेछ ।

१६५ संविधान, ऐन र कानून सम्बन्धी ज्ञान तथा नयाँ प्रविधिहरुको प्रयोग गर्न योग्य बनाउन गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुलाई आवश्यक कानूनी सचेतना एवं क्षमता अभिवृद्धि तालिमको व्यवस्था मिलाईनेछ ।

१६६ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (LISA) सम्बन्धि संघ र प्रदेश सरकारबाट निर्देशित कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न/गराउन गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखीकरण र तालिमको व्यवस्था गरी स्वमूल्यांकनमा कम्तिमा ८० प्रतिशत नतिजा ल्याउने गरी विषयगत शाखाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१६७ गाउँपालिकालाई कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका गैरसरकारी र समुदायमा आधारित संघ संस्थाहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा सूचिकरण गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१६८ विभिन्न कार्यक्रमहरु सञ्चालन गरी गाउँपालिका स्थापना दिवस, एभरेष्ट प्लाटिनम जुबिली तथा अन्य दिवस तथा समारोहहरु भव्यताका साथ मनाईनेछ ।

१६९ गाउँपालिकाबाट हुने सबै कारोबारको भुक्तानी इपेमेण्ट मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाईनेछ ।

१७० आदरणीय सभासदज्यूहरु,

माथि उल्लेखित नीति कार्यक्रम निर्माणका लागि सहयोग गर्नु हुने सङ्घीय सरकार, प्रदेश सरकार, माननीय प्रतिनिधी सभा सदस्य श्री हेम कुमार राईज्यू, माननीय राष्ट्रिय सभा सदस्य श्री सोना गेल्जेन शेर्पाज्यू १ नं. प्रदेश सभाका माननीय प्रदेश सभा सदस्य श्री बुद्धिकुमार राजभण्डारीज्यू, कोष तथा लेखा नियन्त्रक कार्यालय सोलखुम्बु, स्थानीय राजनीतिक दल, स्थानीय संघ संस्था, विषयगत समितिहरु, राजश्व परामर्श समिति, कार्यपालिका, वडा समिति, नागरिक तथा कर्मचारी मित्रहरु, नीति तथा कार्यक्रम तयार गर्न विभिन्न माध्यमबाट सुझाव पेश गर्नु हुने सबै सचेत नागरिकहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । सबै पक्षको सहयोग, समन्वय तथा सहकार्यमा प्रस्तावित नीति तथा कार्यक्रमबाट नतिजामुखी बजेट तथा कार्यक्रम तर्जुमा हुने कुरामा म विश्वस्त छु ।

आजको यस गरीमामय सभाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रममा उपस्थित हुनु भएकोमा सम्पूर्ण सभासदज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२९- जेठ, २०७९

मिङमा छिरी शेर्पा
अध्यक्ष